KDCBAR JOURNAL Volume 1, Issue 1, 2025 September 3, ISSN No. 3102-0348

# बार-बेन्च अन्तरकृयाको महत्व

*मेघराज पोखरेल*
*न्यायाधीश, सर्वोच्च अदालत*
*(Master in Comparative Law) University of Delhi, Vishwavidyalaya Marg, Near Mall Road, New Delhi*
*Email:megharaj.pokharel@gmail.com*

*Article History : 2025 Septermber 3*

## सार (Abstract)

*यो लेखले बार-बेन्च अन्तर-सम्बन्ध र नेपालको प्रतिश्पर्धी (Adversarial) न्यायप्रणालीमा बार र बेन्चको भूमिकालाई केन्द्रीय विषय बनाउँदै पेशागत आचरण, न्यायिक शिष्टाचार (व्यमष्अष्बा म्भअयचगa), 'अदालतका अधिकृत'का हैसियतमा बारको भूमिका तथा बार-बेन्च अन्तरसम्बन्धको विषयलाई समेट्ने प्रयाश गरेकोछ । यसमा बार-बेन्च विचको आपसी मर्यादा, अन्तर-विरोध (Conflict of Interests) हरुका सीमा, न्यायपालिका माथि सिर्जना हुने भ्रम निवारणका उपायहरु र सार्वजनिकरुपमा हुने टिका-टिप्पणीहरुको व्यवस्थापन कसरी गर्ने भन्ने जस्ता विषयहरूलाई व्यवहारिक उदाहरण सहित विवेचना गर्ने प्रयास गरिएको छ । लेखमा बार र बेन्चबिच विश्वास, सीमारेखा र अनुशासन बिना न्यायिक स्वतन्त्रता र न्यायप्रशासन कमजोर हुने मिमांसा गर्दै निरन्तर अन्तरकृया, आचारसंहिताको परिपालना, क्षमता विकास, र सहकार्य-सहसंवादका संस्थागत उपायहरू सुझाईएका छन् । सुदृढ बार-बेन्च सहकार्य नै न्यायापालिकाको विश्वसनीयता र नागरिकहरुको अधिकार-संरक्षणको पूर्वशर्त हो र दुवै पक्षले विधि, शिष्टाचार र नैतिक मानकहरुको उच्चतम पालना गर्दा मात्र न्यायप्रणाली प्रभावकारी र उत्तरदायी बन्न सक्छ भन्ने निष्कार्ष यसमा निकालिएको छ ।*

## भूमिका

मलाई लाग्छ न्यायिक प्रकृया धेरै अस्पष्ट, यान्त्रिक र जटिल हुनुहुँदैन । यसलाई सरल, जीवन्त र स्पष्ट बनाउनका लागि बार बेन्चका विच सालिन, सौम्य र सहिष्णुतापूर्ण अन्तरकृया अति अपरिहार्य हुन्छ । न्यायिक प्रकृयाका यी दुवै अंगहरु एकआपसको सहयोग विना स्वच्छ, पारदर्शी र प्रभावकारी हुनसक्दैन । न्यायपालिका यी दुवैको सामुहिक संस्था हो । जुनसुकै संस्थाको प्राणतत्व केही हुन्छ भने त्यो ज्ञान-प्रणाली, सुसंस्कार, सहिष्णुता र जीवन्त सम्बन्धहरु नै हुन । खुल्ला छलफल र सामुहिकता नै प्रत्येक संस्थाको जीवन हो । लोकतन्त्र र अभिव्यक्ती स्वतन्त्रताले समाज सधैं अन्तरकृयात्मक होस् भन्ने अपेक्षा गरिरहेको हुन्छ । त्यही अन्तरकृयाले हामीलाई गतिशील बनाउने हो । अन्तरकृयाका क्रममा भएको समीक्षाका आधारमा आवश्यकता अनुसार आफूलाई सच्याउदै अगाड़ी बढाउन पनि संभव हुन्छ ।

त्यसका लागि ती अन्तरकृया सभ्य, तथ्यमा आधारित र सद्भावसहितको एकतालाई प्रवर्द्धन गर्ने र अझ उचाईमा पर्याउने खालको हुनुपर्छ । सभ्य बहसको अभावमा समाजले सही धारणा बनाउन सक्दैन । सभ्य र बौद्धिक मानिस सार्वजनिक चासोका बिषयमा धारणा राख्न डराउछन् । मान्छै बोल्नै डर लाग्ने अवस्था बन्दै जाँन्छ । बार-बेन्चका सम्बन्ध यसै आलोकमा हेर्नुपर्छ भन्ने मलाई लाग्छ । यो आलेखमा यिनै विषयहरुमा केही चर्चा गर्ने प्रयास गरिएको छ ।

## राज्यको लक्ष्य

जनताको सुख र संमृद्धि, हित र कल्याण, शान्ति र सुव्यवस्था, कमजोरलाई सहयोग, अपराधीलाई दण्ड र जनतालाई न्याय दिनकालागि नै राज्यको उत्पत्ति र विकास भएको हो । राज्यले नागरिकको पहिचान दिई उनीहरूको हक हितको संरक्षण गर्दछ। राज्य बलियो भएमा नै नागरिकको हक अधिकारको प्रभावकारी प्रचलन हुनसक्दछ । कमजोर राज्यमा नागरिकका अधिकार घोषणात्मक प्रकृतिको मात्र भई वास्तविक रूपमा कार्यान्वयनमा आउनसक्दैनन् । जसका कारण अधिकारका निम्ति समाजमा अशान्ति, विद्रोह, कलह र कचिङ्गलहरू भई नै रहन्छन् । यसका निम्ति राज्य बलियो हुनु त्यत्तिकै आवश्यक छ। सभ्य समाज भन्नु नै विधिको शासन र कानूनको सर्वोपरिता हो । विवेक सम्मत किसिमले कानून बनाइने र त्यस्तो कानूनको परिपालना गर्ने संस्कृतिको निर्माण नभएसम्म कानूनी राज्यको अवधारणाले साकार रूप लिनसक्दैन ।

लोकतान्त्रिक राज्य व्यवस्थाका विभिन्न पूर्वाधारहरू मध्ये स्वतन्त्र र सक्षम न्यायप्रणाली महत्वपूर्ण पूर्व शर्त हो । लोकतान्त्रिक राज्य व्यवस्थामा संविधान एवं कानूनको अन्तिम व्याख्याता न्यायपालिका नै हुने भएकोले भयरहित वातावरणमा निर्भिकतापूर्वक न्यायसम्पादन गर्नकालागि आवश्यक पर्ने न्यूनतम शर्तहरूलाई संविधानमा नै प्रत्याभूत आवश्यक हुन्छ । न्यायपालिका स्वतन्त्र, निष्पक्ष, सक्षम र स्वच्छ भएमा नै विधिको शासन, नागरिकको हक र संवैधानिक लोकतन्त्रको संस्थागत विकास हुनसक्दछ । यस तथ्यलाई मनन गरी राज्यको ढाँचा र सरकारको स्वरूप निर्धारण गर्दा स्वतन्त्र र सक्षम न्यायप्रणालीका मान्यता र जनताले शिघ्र र सुलभ किसिमले न्याय पाउने अधिकारकोसम्मान हुने किसिमबाट गर्नसक्नुपर्दछ । न्याय नै शान्ति र विकासको आधारशिला हो भन्ने शाश्वत मान्यतालाई आत्मसातगरी न्याय व्यवस्था विश्वासिलो, भरपर्दो र जनताको आस्थाको धरोहरको रूपमा स्थापित गराउन सकिएमा नै राज्य व्यवस्था प्रति जनताको विश्वास रहन्छ ।[१]

## न्यायसम्पादनमा कानून व्यावसायीहरुको भूमिका

न्यायसम्पादन कार्यमा कानून व्यवसायीहरूको विशिष्ठ भूमिका हुन्छ । कानून व्यवसायीलाई अदालतका सहयोगी मित्रको रुपमा मात्र होईन "अफिसर अफ द कोर्ट" को रुपमा मान्यता प्राप्त छ । अदालतले कानून व्यवसायीको भनाईमा विश्वास गरेर कतिपय कुराहरू गर्दछ । त्यसमा भर गरेर न्याय निरूपण गर्दछ । न्यायलाई अझ चम्किलो पार्नमा कानून व्यवसायीको सकारात्मक योगदान हुन्छ । यस अर्थमा कानून व्यवसायी अदालतको जस अपजसमा अभिन्न रूपले संलग्न रहेकै हुने ।

प्रतिस्पर्धी न्याय प्रणाली (Adversarial Legal System) मा न्यायकर्ताले दुवै पक्षका सबै कुरा सुनेर खेलको अम्पायर सरह ठिक र सहि कुरा लिएर सहि निर्णय गर्न सक्दछ भन्ने मान्यता रहेको छ । हाम्रो न्याय प्रणाली यसै मान्यता अनुरुप संचालन भैरहेकोले अदालतले पक्ष विपक्षका सवै कुराहरू चाहे त्यो नाजायज नै किन नहोस् सुन्नु पर्दछ भन्ने कुरा पनि उठ्दछ तर प्रतिस्पर्धी न्याय प्रणालीका पनि निश्चित मान्यता छन्। जसरी फुटवल निश्चित सीमा बाहिर जाना साथ आउट हुन्छ । त्यसै तर्कका आधारमा तथ्य, कानून, न्याय अनि कानून तथा न्यायका मान्य सिद्धान्तले निर्धारण गरेको सीमा (Boundary) भित्र कानून व्यवसायीले फुटबल रुपी बहसको खेल गर्न सक्दछ, पाउँछ वा मिल्दछ । सो सीमा भन्दा बाहिर कानून व्यवसायीका बहस ग्रहणयोग्य त हुँदैनन् नै स्वयं कानून व्यवसायीले समेत त्यस्तो सीमा बाहिर गएर अदालत समक्ष बहस प्रस्तुत गर्नु उचित हुदैन । अनि त्यो न्यायिक आचरण (Judicial Propriety) पनि हुन सक्दैन । कानून व्यवसायीले तथ्यले स्थापित नगरेका अर्थात हुँदै नभएका कुरा अनि कानून प्रतिकूलका कुराहरू गरेर अदालतलाई भ्रमित (Mislead) गर्नु

[१] काशीराज दाहाल, प्रशासकीय अदालत बूलेटिन, बर्ष १, अंक २, २०६४ भूमिकामा ।

गम्भीर बिषय हो । कानून व्यवसायीले आफ्ना क्रियाकलाप अनि आचरणहरू निर्धारित आचरण संहिता अनुकूल राख्न जरुरी हुन्छ ।[२]

कानून व्यावसायीहरुले नै समाजमा लामो समयदेखि प्रचलनमा रहेका कानूनी व्यवस्थालाई परिवर्तित सामाजिक र वदि्लदो पारिवारिक संगठनका परिप्रेक्षमा पनि मिमांसा गर्छन, परिवर्तित सन्दर्भमा कानूनको उपादेयता र परिवर्तित संन्दर्भमा यसको समय सान्दर्भिक व्याख्या वा प्रभावहीनताको निष्कर्षमा बेन्चलाई पुऱ्याउन सक्छन् । कानून वास्तवमा समाज र व्यक्तिका लागि हो । त्यसैले कानूनको प्रयोग र प्रचलनमा ठाँउ रहेसम्म सामाजिक परिवर्तन र न्यायको धारलाई पछ्याउदै आवश्यकता अनुसार समसायिकतालाई व्याख्याद्वारा समाहित गर्ने वा हटाउने गर्दै विधिशास्त्रीय विकासमा लाग्नु पर्छ । समजिक परिवर्तन वा न्यायको प्रत्याभूति दिन कानूनले प्रष्ट शब्दमा निषेध नगरेको अवस्थामा बाहेक न्यायिक व्याख्याले साथ दिनुपर्छ । यस्तो निष्कर्षमा पुग्न पनि बार र बेन्चको घनिभूत अन्तक्रियाको आवश्यकता पर्दछ ।

छलफल, अध्ययन, विचार (मंथन र प्रस्तुतिकरण वैदिक सभ्यताका ज्ञान प्रसारण गर्ने तरिकाहरु थिए । यसलाई एक पिँढीबाट अर्को पिँढीमा हस्तान्तरण गर्ने लक्ष यस्ता छलफलहरुका हुन्थे । यसै तरिका प्राचीन यूनानी तथा ग्रीक दार्शनिकहरुले पनि प्रयोग गर्ने गर्थे । कानून व्यवसाय अध्ययन र छलफल विना प्रवर्द्धन हुन सक्दैन भन्ने विश्वास मरो व्यवसायमा रहुन्जेल रह्यो । यसलाई इजलाश समक्ष प्रभावकारी तरिकाबाट प्रयोग गर्न सकियो भने न्यायिक प्रकृयालाई भरोसायोग्य बनाउन धेरै समय लाग्दैन । त्यसैले मलाई लाग्छ, इजालाशको सुनुवाई प्रकृया एकदमै अन्तरकृयात्मक (Dialectic) हुनुपर्छ । पक्षहरुका कानून व्यावसायीहरु, न्यायाधीश, विषय विज्ञहरु, इजालश सहायक तथा आवश्यकता अनुसार मुद्दाका पक्षहरु समेत विच सुसंस्कृत, शीष्ट र सहिष्णुतापूर्ण अन्तरकृयाबाट मात्रै वास्तविक सत्यमा पुग्न सकिने रहेछ जस्तो लाग्छ ।

अदालतमा पर्ने मुद्दा सम्बन्धी विभिन्न विषयको ज्ञानको साथै ती विषय सम्बन्धी कानूनहरूको अध्यावधिक ज्ञान न्याय सम्पादनको लागि आनिवार्य हुन्छ । कानूनमा उच्च शिक्षा प्राप्त गरी निरन्तर अध्ययनशील रहने विद्वान कानून व्यवसायीहरूले न्याय प्रशासन प्रकृयामा माहुरीले आफ्नो चाकामा मह खोजी गरेर ल्याए जस्तो विवादको विषयवस्तु सम्बन्धमा कानूनको अध्यावधिक ज्ञानको परिपूर्ति गरी न्याय प्रदान गर्न सहयोग पुऱ्याउँछन् भन्नुमा कुनै अत्युक्ति हुंदैन । कानून व्यवसायीहरूले आफ्नो कर्तव्य स्वच्छन्द, निर्भिक र निर्वाध रूपले पुरा गर्न नपाउने हो र त्यस्तोमा समेत अदालत चुप लागि बस्ने हो भने विद्वान कानून व्यवसायीहरूसंग त्यस किसिमको सहयोगको अपेक्षा सम्म पनि गर्न सकिंदैन ।[३] भारतीय सर्वोच्च अदालतले भनेको छ, अदालतमा न्यायसम्पादनको सहजताका लागि बार र बेन्चबीचको सौहार्दपूर्ण सम्बन्ध अपरिहार्य छ । न्यायिक प्रक्रिया सधैँ सफा र भ्रष्टाचारमुक्त राख्नुपर्छ । न्याय प्रशासन केवल बेंचको लागि मात्र चिन्ताको विषय होइन, यो बेन्च र बार दुवैको सरोकारको विषय हो । न्यायाधीश नियुक्तिको प्रमुख आधार बार हो । त्यसैले न्यायाधीश र कानून व्यवसायी दुवै एकअर्काको परिपूरक हुन् ।[४]

कानून व्यवसायी मुद्दाको पक्ष विपक्षी हुने नभई पक्षको कानूनी प्रतिनिधित्वसम्म गर्ने व्यक्ति हो । सबुद प्रमाण र कानूनको अधिनमा रही न्यायिक तथा अर्धन्यायिक निकायबाट न्यायिक मनको प्रयोग गरी न्याय सम्पादन हुन्छ, हुनुपर्दछ । मुद्दा हार्ने जित्ने, अभियुक्त छुट्ने नछुट्ने लगायतका तमाम विषयहरु कानून

---

२ भक्तपुर जिल्ला बालकोट गा.वि.स. वडा नं. ६ बस्ने चक्रलाल श्रेष्ठ विरूद्ध पुनरावेदन अदालत पाटन, ललितपुर, समेत, निर्णय नं.७८४१ ने.का.प.२०६४ अङ्क ४ ।

३ नेपाल बार एसोशिएशनका सचिव अधिवक्ता हरिहर दाहाल विरुद्ध मन बहादुर गुरुङ समेत्, निर्णय नं.- ४६८४ ने.का.प. २०५० (क) अङ्क १ ।

४ P. D. Gupta v. Ram Murti and Others, AIR 1997 SC 283.

व्यवसायीको हातमा हुँदैन, हुनुहँदैन । त्यसैले कानून व्यवसायीले निष्पक्ष ढंगले आफ्नो पक्षको तर्फबाट वकालत गर्ने गर्दछ र आर्थिक रुपमा विपन्न व्यक्तिलाई निःशुल्क रुपमा सेवा प्रदान गर्नुपर्दछ ।[५]

## बार–बेन्च सम्बन्ध र अन्तरकृया

मेरो अनुभवमा बार-बेन्च सम्बन्ध पनि अहिले सम्यक मूल्यांकनको विषय भएको छ । बार बैंन्चको सम्बन्ध सुमधुर नभै न्याय सम्पादन प्रभावकारी हुनसक्दैन भन्ने मलाई पूर्ण विश्वास छ । मलाई लाग्छ, बारले बेन्चलाई गहन उच्च धरातल निर्माण गरिदिनु पर्छ भने बेन्चले न्याय र विधिको राजमार्ग अनुशरण गर्दै भित्रैबाट परिशुद्ध न्याय दिनसक्नु पर्छ । बेन्चसँग सूचना संकलनको शीप, बिश्लेषणात्मक क्षमता, भाषिक दक्षता, अन्तरवैयक्तिक कौशल र धैर्यता हुनुपर्दछ । किताबी ज्ञानले न्यायको ठोस धरातलमा उभिन पाएन भने फैसलामा लेखिएका सबै कुरा आकाशे कुरा हुन्छन् । त्यो न्याय नभएर तथ्यांक वा सूचनाहरु संकलन भएको फैसला मात्र हुन्छ । त्यस्तो ज्ञानले न्यायाधीशमा अन्तरदृष्टिको विकास पनि गर्दैन । शुद्ध किताबी ज्ञानले न्यायाधीशको पेट त भर्ला तर यसले न्यायमा पोषण भर्दैन । न्यायिक मनमा अहंकार मात्रै भर्छ । त्यसैले न्यायिक प्रकृयामा बार र बेन्च सधैं दामली हुनसक्नु पर्दछ ।[६]

अचेल लाग्छ, बारले अदालतमा बोकेर ल्याउने बौद्धिक भारी बेन्चका लागि न्यायिक खुराक नभएर बोझ हुन लागेको छ । बेन्चमा सुनुवाइमा धैर्यधारण घटेको गुनासो बढेको छ । बहस प्रस्तुतीकरणकै क्रममा बेन्च अधैर्य हुने प्रवृत्ति विकास भएको महसूस भएको कानून व्यवसायीहरुको टिप्पणी सुनिन्छ । कानून व्यवसायीहरूद्वारा जटिल कानूनी प्रश्नमा प्रयोग गरिने सामग्रीको प्रस्तुतीकरण तथा समग्र विश्लेषणको सुनुवाइ नगरी न्यायिक मन पोषणयुक्त हुँदैन । कमजोर न्यायिक मनले पूर्ण न्याय गर्न सक्दैन । त्यसैले मलाई लाग्छ, शालीन र धैर्यपूर्ण सुनुवाइ पूर्ण न्यायका लागि अपरिहार्य प्रक्रिया हो ।

अर्कातिर, हिजो आज बारले बोक्ने भारीमा बौद्धिकताको उज्यालो पनि निखिँदै गएको आभास हुन्छ । बेन्चलाई सुन्न बाध्य बनाउन सक्ने बारको क्षमतामा पनि प्रश्न उठ्न थालेका छन् । असान्दर्भिक बहस-पैरवीले अदालतको बहुमूल्य समय खेर गइरहेको महसुस हुन्छ । त्यसैले बेन्चले ध्यान दिएर सुन्दैन । यस्तै हुँदै गयो भने दुवैतर्फ बौद्धिक र नैतिक जिज्ञासा नै पलाउन छाड्ने खतरा देखिन्छ । यदि न्याय निरूपणलाई गुणस्तरीय बनाउने हो भने यस्तो प्रवृत्तिमा सुधार गर्नु नितान्त आवश्यक छ ।

न्यायालयको काम गर्ने प्रक्रियामा देखिएका समस्या समाधान गर्ने, विकृति विसंगति हटाउन सामूहिक उपाय पहिल्याउने, मुद्दा मामिलाहरूको शीघ्र सुनुवाइ तथा फैसलाहरूमा सुधार ल्याउने उपायहरू अपनाउने, न्याय र नविन विधिशास्त्र विकासमा कोल्यावोरेटिव पार्टनरशिप गर्ने, बार र बेन्चको आपसी समझदारी र मर्यादा कायम गर्ने, न्यायिक सुधारका लागि सुझाव आदान-प्रदान गर्ने, न्यायिक शिष्टाचार (Judicial Decorum) र पेशागत आचरणबारे छलफल गर्ने जस्ता सर्वसम्मत उद्देश्यहरु राखेर अन्तरकृयामा संलग्न हुन सके हाम्रो सामुहिक उद्देश्य प्राप्तिका लागि धेरै अत्तिनु नपर्ने हो जस्तो लाग्छ । दुबै थरि पक्षहरुमा बौद्धिक विकासका लागि यो अपरिहार्य उपाय हो ।

---

[५] नरायण पौडेल, कानून व्यावशाय किन अझै सम्मानित र मर्यादित बन्न सकेन?, https://www.hamrakura.com/news-details/113995/2021-12-22

[६] मेघराज पोखरेल, श्री संघीय संसद, संसदीय सुनुलाई समिति समक्ष पेश गरेको कार्ययोजना, २०८२, पृ. ४ ।

नवीन कानूनी प्रणाली र विधिशास्त्र विकासमा भूमिका खेल्ने, न्याय प्रणालीलाई प्रभावकारी बनाउने, बार र बेन्च बीच आपसी समन्वय बढाउने, मुद्दा टुंग्याउने प्रक्रियालाई छरितो बनाउने, न्यायपालिकामा विश्वास बढाउने, न्यायिक सुधार तथा नीति निर्माणमा सहयोग पुऱ्याउने जस्ता महत्वपूर्ण विषयहरुमा बार बेन्चका अन्तरकृयाहरु संचालन गर्नसके साच्चै नै न्यायप्रणालीलाई एउटा सकारात्मक लयमा फर्काउन सकिने कुरामा विश्वास लिन सकिन्छ ।

बार-बेन्च अन्तरकृयाहरू सफल बनाउन अपनाइने उपायहरूमा नियमित बैठक तथा अन्तरकृयाहरू आयोजना गर्ने, न्याय प्रशासन तथा न्याय सम्पादनमा देखिएका समस्याहरूमा खुलेर छलफल गर्ने, कानून व्यावसायीहरू र न्यायाधीश दुवैले पेशागत मर्यादा पालना गर्ने तथा विकृति विसंगति बारे खुलेर छलफल गर्ने, न्यायालय सुधार तथा कानून सुधारबारे ठोस सुझावहरू प्रस्तुत गर्ने लागायतका अन्य सिर्जनात्मक तरिकाहरु पनि हुनसक्छन तर साथ साथ अगाडी बढ्न प्रण हुन जरुरी छ । बार-बेन्च अन्तरकृया भनेको बार र बेन्च बीच न्यायप्रणालीलाई प्रभावकारी बनाउन औपचारिक वा अनौपचारिकरूपमा गरिने विभिन्न सभा, सम्मेलन, बैठक तथा अन्तरकृयाहरू हुन् । यस्ता अन्तरकृयाहरूले दुवै पक्षबीचको समन्वय, न्यायिक प्रक्रियामा देखिएका समस्या समाधान र सुधारका उपायहरूबारे छलफल गर्न मद्दत गर्छ।

## कस्तो हो बार र बेन्चको सम्बन्ध ?[७]

न्याय प्रशासन न्यायाधीश र बारको संयुक्त प्रयासबाट मात्र सम्भव हुन्छ । न्यायाधीशहरूले जटिल कानूनी समस्या समाधान गर्नुपर्ने हुन्छ भने कानून व्यवसायीले यसमा सहयोगीको भूमिका खेल्छ । त्यसैले माथि मनिए झैं कानून व्यवसायीलाई अदालतको अधिकृत तथा अभिन्न अंग मानिन्छ । यस्तो सम्बन्ध न्याय प्रणालीको उषाकालीन समयदेखि कायम छ । एकले अर्कालाई निषेध गर्नुले न्याय प्रशासनमा गम्भीर असर पार्छ ।

हुन त अन्य मुलुकका सन्दर्भलाई अध्ययन गर्ने हो भने पनि बार र बेन्चको सम्बन्ध भाँचिने, टुक्रिने र फेरि बन्ने निर्माण र विनिर्माणको चक्रबाट गुज्रिरहेको पाइन्छ । एकातिर बारका सदस्यहरूले आफ्नो व्यवसायिक दक्षता र क्षमता विनिमय गरेर जीवनशैली उच्च बनाइरहेका हुन्छन् । अर्कातिर बेन्च झिनो सरकारी तलब-भत्ताभित्र आफ्ना चाहनालाई बन्धक राख्न बाध्य हुन्छ । यसै परिदृश्यमा बारसँग बेन्च ईर्ष्या गरिरहेको हुन्छ भने बेन्चले आफूलाई अर्कै ग्रह/उपग्रहको अब्बल प्राणीजस्तो व्यवहार गर्दा बार बेन्चसँग जलिरहेको हुन्छ । दुवैमा उत्पन्न हुने यस्तो कुण्ठाग्रस्त मनोरोगले नै बार र बेन्चबीचको सम्बन्धमा अवरोध ल्याइरहन्छ भनिन्छ संसारभर नै ।

अपितु बार र बेन्च सामाजिक, निजी वा न्यायिक प्रक्रियामा एकापसबाट टाढा रहन पनि सक्दैनन् । हर आवश्यकतामा बारलाई बेन्च र बेन्चलाई बार नभई हुँदैन । बार र बेन्चको यो पारिवारिक कलह, मिलन, पुनःमिलनको चक्र सनातनी हो । त्यसैले यो सम्बन्धलाई प्रेम र घृणाका रूपमा पनि व्याख्या गरिन्छ ।

## न्याय प्रशासनका त्रिखुट्टी[८]

बार, बेन्च र आमजनता न्याय प्रशासनका त्रिखुट्टी हुन् । यी त्रिखुट्टीमध्ये कुनै एक कमजोर भएमा समग्र न्याय प्रशासन कमजोर हुन्छ । त्यसमा पनि बार चौकोस र ढोकालाई जोड्ने कब्जा जस्तो हो, जसले बेन्च र आमजनतालाई जोड्ने काम गर्छ । बार त न्यायको वाहक फित्ता हो । जब वाहक फित्ताले पब्लिकका पीडा

---

७ मेघराज पोखरेल, बार-बेन्च सम्बन्ध महत्वाकांक्षाहरूको कठघरामा, https://nepalmag.com.np/opinion/2017/04/19/20170419190827

८ Ibid.

अदालतसमक्ष ल्याइदिन्छ, तब न्यायाधीशले कानून र तथ्यका बीच मध्यस्थका रूपमा विवादको उचित निरूपण गर्छ । विवाद निरूपणको यस्तो प्रक्रियामा मुद्दाको जटिल प्रश्नउपर छलफल र मीमांसा गर्ने पर्याप्त समय बारलाई दिनुपर्छ । सुनुवाइका क्रममा न्यायाधीशभित्र अतुलनीय सहनशीलता र धैर्यधारणा हुनुपर्छ । त्यसो भएमा मात्रै गुणस्तरीय र गम्भीर सिद्धान्त बसाल्ने दूरगामी तथा युगान्तकारी फैसला लेखिन सक्छन् ।

न्याय प्रशासनमा सहभागी यी तीनै खुट्टी मानव हुन् । त्यसैले उनीहरू पूर्णरूपेण दोषमुक्त हुन सक्दैनन् र सामाजिक दबाब र चुनौतीबाट प्रभावित हुन सक्छन् । यस्तै दबाबको भुमरीमा परेको बेन्चले आफ्नो बचाउका निमित्त न प्लेकार्ड लिएर विरोधमा उत्रन सक्छ, न सार्वजनिक रूपमा टीका-टिप्पणी गर्न सक्छ । पद्धतिले नै न्यायाधीशलाई अन्याय गऱ्यो भने पनि उसले त्यसलाई बाहिर ल्याउन सक्दैन । यसका लागि बारले नै वाचक हुन जरुरी हुन्छ ।

## कानून व्यवसायीहरुको चौतर्फी प्रभाव

कानून व्यवसायीहरुले आफ्नो व्यवसाय मार्फत कानून तथा न्यायको क्षेत्रमा उल्लेखनीय कार्य गर्ने भएकै कारण कानून व्यवसायीहरुमध्येबाट जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतमा समेत न्यायाधीश पदमा नियुक्ति हुनसक्ने वैधानिक व्यवस्था गरिएको हो । त्यसैले सामाजिक तथा राजनीतिक वृत्तमा कानून व्यवसायीहरुको अद्वितिय भूमिका हुने गरेकै कारण उनीहरु महत्वपूर्ण स्थानमा पुग्न सफल भएका हुन् । समग्रमा हेर्दा कानून व्यवसायमा अनुसन्धान, अभियोजन, प्रतिरक्षा र न्यायालय गरी न्याय सम्पादनका प्रमुख चारवटा आधार स्तम्भहरुलाई निकै महत्वका साथ हेर्ने गरिन्छ । तर कानून व्यवसायीले आफ्नो व्यावसायिक जीवनमा विभिन्न खालका आर्थिक, सामाजिक, राजनीतिक चुनौतीहरुको सामना गरिरहनु परेको छ । यसरी समाजमा चौतर्फी प्रभाव भएका कानून व्यवसायीहरुको काम, कर्तव्य र अधिकारको बारेमा नागरिक समक्ष जानकारी गराउन नसकिएका कारण अझै पनि कानून व्यवसाय (वकालत) सम्मानित तथा मर्यादित पेशा बन्न सकेको छैन ।

सम्मानित सर्वोच्च अदालतले नेपाल बार एशोसिएशनका तत्कालिन अध्यक्ष शम्भू थापाको मुद्दा[९] मा अदालत र न्यायाधीश सक्षम, स्वतन्त्र र निष्पक्ष हुनुका साथै न्यायाधीश, वकिल, कानून व्यवसायी सबैमा सकारात्मक सोच र उच्च नैतिकता हुन आवश्यक रहेको ठहर गरेको छ ।

उल्लेखित मुद्दामा अदालतको न्यायिक कामकारवाहीमा दखल नपुगेको हदसम्म अदालतका न्यायाधीश र न्यायाधीशबाट भएका आदेश फैसलाको पूर्वाग्रह रहित भै स्वच्छ रुपमा टीकाटिप्पणी र आलोचना गर्नपाउने नै देखिदा नेपाल बार एशोसिएशन न्यायपालिकाको अभिन्न अङ्ग र यसका पदाधिकारीहरू (कानून व्यवसायी) Officer of the Court को रुपमा स्वीकार गरिएकोले न्यायकर्मीबाट नै तत्कालीन परिवेशमा यस अदालतबाट भएको आदेशको स्वच्छ रुपमा टीकाटिप्पणी र आलोचना गरिएको र सो आलोचनाको विषयवस्तु हेर्दा न्यायमूर्ति लगायत न्यायालयका विरुद्ध वितृष्णा फैलाउने, जनआस्था घटाउने प्रकृतिको भएको नदेखिनुका साथै नेपाल बारका पदाधिकारीहरूले आफूहरूले अदालतको अपहेलना पनि नगरेको र अपहेलना गर्ने उद्देश्य समेत नभएको भनी लिखित जवाफ लगाएको देखिदा स्वच्छ रुपमा गरेको टीकाटिप्पणी र आलोचनाको आधारले मात्र अदालतको अपहेलना हुन्छ भन्न मिलेन भनि अदालतका न्यायाधीश र न्यायाधीशबाट भएका आदेश फैसलाको पूर्वाग्रह रहित भै स्वच्छ रुपमा टीकाटिप्पणी र आलोचना गर्नपाउने हकलाई सुनिश्चित गरेको छ ।

---

[९] का.जि.का.म.न.पा. वडा नं. ७ महाँकाल वस्ने बोधबहादुर राउत क्षेत्री विरुद्ध नेपाल बार एशोसिएशन केन्द्रीय कार्यालय, रामशाहपथका अध्यक्ष शम्भु थापा समेत, निर्णय नं. ८४३४ ने.का.प. २०६७ अङ्क ८ ।

## न्यायसम्पादनमा स्वतन्त्र न्यायपालिका

न्यायपालिका राज्यको सबैभन्दा कम खतरनाक अङ्ग हो । योसँग कार्यकारिणीको जस्तो हतियारको बल र विधायिकाको जस्तो वत्तीय नियन्त्रणको शक्ति नहुने भएकाले यसलाई स्वतन्त्र राखिनु पर्छ भन्ने मान्यता अमेरिकी संविधान निर्माणको क्रमदेखि नै अगाडि आएको हो । बेलायतमा राजा, संसद् र न्यायालयबीच चलेको त्रिकोणीय द्वन्द्वले राजसंस्थालाई क्रमिक रूपमा कमजोर पार्दै संसद् र न्यायपालिकाको शक्तिलाई स्थापित गराएको थियो । सन् १६८८ को गौरवमय क्रान्तिपश्चात् राजाको न्यायिक अधिकारमा सङ्कुचन आएको र विलियम तृतीयले एक्ट अफ सेटलमेन्ट १७०१ अनुमोदन गरेपछि यो क्रम समाप्त नै भयो । यस ऐनमार्फत न्यायाधीशको पदावधि र बर्खास्ती सम्बन्धमा विशेष व्यवस्था गरी न्यायिक स्वतन्त्रताको लालमोहर लगाउने काम भयो । न्यायिक स्वतन्त्रताको इतिहासमा थप इँटा थप्ने काम संयुक्त राज्य अमेरिकाको संविधानले गर्यो ।[१०]

संयुक्त राष्ट्रसङ्घको स्थापना सन् १९४५ पश्चात् स्वतन्त्रता र सक्षम न्यायपालिकासम्बधी अवधारणाले विश्वव्यापी मान्यता प्राप्त ग-यो । संयुक्त राष्ट्रसङ्घको बडापत्र, मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, राजनीतिक तथा नागरिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि १९६६ लगायतका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजले स्वतन्त्र र सक्षम न्यायालयबाट न्याय प्राप्त गर्ने नागरिकको हकको प्रत्याभूति हुनुपर्ने व्यवस्था गरेको छ । संयुक्त राष्ट्रसङ्घको महासभाको निर्णयमार्फत स्वतन्त्र न्यायपालिकासम्बन्धी आधारभूत सिद्धान्तलाई पारित गरेको छ । जसलाई मिलान घोषणापत्रका रूपमा पनि लिन सकिन्छ । उक्त आधारभूत सिद्धान्तमा बीसवटा धारा रहेका छन् । ती आधारभूत सिद्धान्तमा स्वतन्त्र न्यायपालिका, विचार र अभिव्यक्तिको स्वतन्त्रता, न्यायाधीशको योग्यता, छनोट र तालिम, सेवा र पदावधि सम्बन्धी सर्त, अनुशासन, कारबाही र अवकाश सम्बन्धी प्रावधानलाई व्यवस्थित गरिएको छ ।[११]

सरकारका तीन प्रमुख अङ्गहरूमध्येको एक न्यायपालिका सरकारकै एउटा महत्वपूर्ण अङ्ग भएर पनि सरकारका अन्य अङ्गहरू व्यवस्थापिका र कार्यपालिकाप्रति कुनै पनि किसिमको उत्तरदायित्व नहुने अर्थात् लोकतान्त्रिक समाजमा न्यायपालिका स्वतन्त्र हुनु आवश्यक मानिन्छ । न्यायपालिकाले जनताको रक्षक भई जनताको हक अधिकारलाई संरक्षण गर्ने र न्याय व्यवस्थालाई सशक्त राख्न पनि न्यायपालिका निष्पक्ष, सबल र स्वतन्त्र हुनु जरुरी मानिन्छ । संविधानले न्यायपालिकालाई कार्यपालिका र व्यवस्थापिकाबाट मुक्त, निष्पक्ष तथा स्वतन्त्र राखेको हुन्छ । तर, संविधान र कानूनले न्यायपालिकालाई स्वतन्त्रताको प्रत्याभूत गर्दैमा पर्याप्त मानिँदैन ।

न्यायाधीश नियुक्तिमा समेत कार्यपालिका र व्यवस्थापिकाको हस्तक्षेप, दबाब वा प्रभाव पर्न नहुने हो । तर, लोकतन्त्रिक देशहरूमा सामान्यतया न्यायाधीश नियुक्तिमा कार्यपालिकाकै हालिमुहाली या दबाब कायम रहेको देखिन्छ । तापनि न्यायाधीश नियुक्ति भएपछि नियुक्तिकर्ताप्रति नभई संविधान र कानूनप्रति बफादार भएर न्यायाधीशले काम गर्नुपर्ने हुन्छ । न्यायपालिकाले कार्यपालिका वा व्यवस्थापिकाको कुनै पनि दबाब, प्रभाव र छायाँमा रहेर काम गर्नु नपर्ने अवस्थालाई न्यायिक स्वतन्त्रता भन्न सकिन्छ । यिनै आदर्श र अन्तराष्ट्रिय अभ्याषहरुसमेतलाई आत्मसाथ गर्दै नेपालको संविधानले पनि न्यायपालिकालाई एक निष्पक्ष र स्वतन्त्र अंगको रुपमा रहने परिकल्पना गरेको छ ।

---

१० गोविन्द खनाल, न्यायपालिकाको मर्यादा, https://gorkhapatraonline.com/news/23083.

११ Ibid.

## न्यायसम्पादतमा न्यायाधीशको भूमिका एक संक्षिप्त अनुभव

सक्रिय कानून व्यावशायीबाट न्यायकर्मीका रुपमा पदस्थापन भै काम गर्न थालेको एक महिना पुग्न लागेछ । यो अवधिमा मलाई माथि उल्लेख गरेको अन्तरकृयात्मक (Dialectic) पद्धति माथि निक्कै मोह बढेको छ । मलाई लाग्छ, न्याय निरुपण विशिष्ट प्रकृतिको कार्य हो । यसका आधारभूत मूल्यमान्यता रहन्छन् । अदालतले विवाद समाधान गर्दा यी आधारभूत मूल्यमान्यताको अवलम्बन गर्नुपर्ने हुन्छ ।

न्यायपालिका राज्यका अन्य अंगहरूभन्दा स्वतन्त्र हुनुपर्छ भन्ने अवधारणामा म कटिवद्ध छु । अर्थात्, अदालतहरू राज्यका अन्य अंगहरू वा वाह्य स्वार्थहरूको अनुचित प्रभावको अधीनमा हुनुहुँदैन । मलाई लाग्छ, न्यायिक स्वतन्त्रता, संवैधानिकता जत्तिकै प्राचिन छ । न्यायपालिकाको प्रमुख भूमिका विधिको शासनको रक्षा र कानूनको सर्वोच्चता सुनिश्चित गर्नु भएकोले संविधानको रक्षक भनेर पनि न्यायपालिकालाई चिनिन्छ । अनेकन दृश्य अदृश्य साङ्गलाहरुले बाँधिने, जकडिने न्यायाधीशहरुले निष्पक्ष र निडर भएर न्याय सम्पादन गर्न सक्दैनन् भन्ने मलाई लाग्छ । त्यसैले न्यायपालिकाले कुनै पनि अवरोध, अनुचित प्रभाव, प्रलोभन, दबाब वा धम्कीको प्रभावमा नपरी निर्णय गर्नु पर्दछ भन्ने कुरामा म प्रतिबद्ध छु । यि केही महत्वपूर्ण अवधारणाहरुमा जनगुनासो बढेको देखेको छु । यसमा हामीले मिलेर काम गनुपर्ने छ ।

न्याय निरुपण गर्ने न्यायाधीशमा न्यायिक मनको प्रयोग गर्ने क्षमता पनि हुनुपर्छ । उसले स्वतन्त्र र तटस्थ भई न्याय सम्पादन गर्न सक्नु पर्दछ । कानून व्यवसायी त पूर्ण पक्षधरतामा हुन्छ । उसको त्यो वैधानिक कर्तव्य नै हो । तर न्यायाधीश निष्पक्ष र निरपेक्ष दुबै हुन सक्नु पर्ने रहेछ । त्यसैले "न्याय गरेर मात्रै हुँदैन, न्याय गरेको देखिनुपर्छ, मर्कामा परेको व्यक्तिले न्याय पाएको अनुभूति गरेको हुनुपर्छ" भनिएको होला । न्याय सम्पादन राज्यको प्राथमिक कार्य हो । न्याय शान्ति र विकासको पूर्वाधार हो । न्याय विना शान्ति, शान्ति विना विकास र विकास विना राज्यको अस्तित्व असम्भव छ । न्यायमा जनताको पहुँच हुनुपर्छ । न्याय सरल, सहज, शीघ्र, मितव्ययी हुनुपर्दछ ।[१२] कानून व्यवसायीहरूद्वारा जटिल कानूनी प्रश्नमा प्रयोग गरिने सामग्रीको प्रस्तुतीकरण तथा समग्र विश्लेषणको सुनुवाइ नगरी न्यायिक मन पोषणयुक्त हुँदैन । कमजोर न्यायिक मनले पूर्ण न्याय गर्न सक्दैन । त्यसैले शालीन र धैर्यपूर्ण सुनुवाइ पूर्ण न्यायका लागि अपरिहार्य प्रक्रिया हो ।

मेरो विचारमा न्याय सम्पादनमा पारदर्शिता भनेको निर्णयमा आधार सहितको खुलापन र स्पष्टता हो । अदालतका निर्णयहरु सरोकारवालाहरूलाई समय मै उपलब्ध गराउनु र त्यसको बौद्धिक अध्ययन र विश्लेषणको स्वागत गर्नु नै हो । यसले सरोकारवालाहरूलाई न्याय सम्पादन, निर्णयाधार र प्रकृया खुल्ला, समयसापेक्ष र पहुँचयोग्य बनाउने हो । न्यायाधीशहरुको जवाफदेहिता भनेको संविधान, कानून तथा समग्र पुस्तकालय प्रति हो । न्यायपालिका भित्रै आफ्ना निर्णय तथा गतिविधिहरूको लेखाजोखा गर्ने, जिम्मेवारी स्वीकार गर्ने र पारदर्शी रूपमा परिणाम स्वीकार्ने लगायतका व्यक्ति, समिति तथा संस्थाहरु हुन्छन् । यी सबै पक्षहरुको बार र बेन्च दुबै दिलोज्यानले लागेमा नहुने केही छैन भन्ने निषर्शमा पुगेको छु म ।

अदालतका सेवाग्राही विच निष्पक्ष, समान र सम्मानपूर्ण व्यवहार न्यायाधीशबाट अनपेक्षित हुने कुरा भएन । बौद्धिक रुपले कमजोर, निरिह र अविश्वासी व्यक्तिले न्याय दिन सक्दैनन् र सेवाग्राहीको विश्वास जित्न पनि सक्दैन । सु-संस्कृत चेहरा, मर्यादायुक्त आचरण, मधुरो स्वर, करुणामय दृष्टि न्यायधीशहरुको गहना हुनु पर्छ भन्ने मलाई लाग्छ । यसो गर्न सकियो भने पनि सेवाग्राहीहरुले आधा न्याय पाएको महसूस गर्ने छन् । यो नै

[१२] धनबहादुर थापा, न्याय सम्पादनमा न्यायिक मन, https://www.onlinekhabar.com.

न्याय संगत आचरण पनि हो ।[१३] न्यायाधीश मनको भावनाको केन्द्र हुने हो वा सूचनाको संग्रह मात्र वा यो दुवैको समुचित संगम ? मलाई लाग्छ यो विचार वा विधिशास्त्र विकासको प्रयोगशाला सहितको दुवैको समुचित संगम हुनुपर्छ । यी सवै आधारहरु निर्माणको लागि बार-बेन्चको अन्तरकृयाको अपरिहार्यता र महत्व पनि यसैबाट झल्किन्छ भन्नुमा कुनै अत्यक्ति छैन ।

## निष्कर्ष

निष्कर्षमा यो भन्न सकिन्छ कि जसरी एउटा स्वायत्त बारले स्वतन्त्र न्यायपालिका भन्दा बढी महत्व राख्न सक्दैन, त्यसैगरी स्वतन्त्र न्यायपालिकाले पनि स्वायत्त बारको भन्दा बढी महत्व राख्न सक्दैन । न त एकले अर्का माथि शासन स्थापित गर्नसक्छन् । दुवै स्वतन्त्र समाजका लागि अपरिहार्य छन् । स्वायत्त बारले स्वतन्त्र न्यायपालिकाको आत्मसाथ गर्छ, जसको माध्यमबाट न्यापालिकाको स्वतन्त्रता प्रमाणित गर्न सकिन्छ । न्यायाधीशहरूका लागि उनीहरूको स्वतन्त्रताको ग्यारेन्टी गर्ने उचित माध्यम एक सक्षम, विनम्र, परिष्कृत र विद्वत बार नै हो । यी उद्धेश्यहरु पुरा गर्न बार र बेन्च विच अन्तरकृयात्मक (Dialectic) पद्धतिलाई अनुशरण गर्नु नै आजको आवश्यकता हो भन्ने निष्कर्षमा माथिको अध्ययनबाट पुग्न सकिन्छ ।

अन्तमा म यो भन्न चाहन्छु कि मानिसको अमूल्य सम्पत्ति हो जीवन । यो यसरी जिउनु पर्छ कि उत्तरार्धमा गएर आफूले निरूद्देश्यपूर्ण र थाहा पाई पाई गलत ढंगले बिताएका क्षणहरू र कार्यसम्पादनहरुले आफैंलाई पीडा नहोस् । आफ्नै जीवन आफैंलाई दुर्गन्धको कुण्ड नलागोस् र पश्चाताप नबनोस् । बिगतका क्षणले आफैंलाई लज्जित बनाएर नजलाओस् । मृत्युशय्यामा पनि उसले आफ्नो मूल जीवन र उर्जा सही काम र संसारको सबैभन्दा सुन्दर पक्ष मोक्षको मूल मार्गबाट विचलित गराईन भनेर गर्व गर्न नकोस् । यहि छ मेरो मनोकामना अहिलेलाई ।

## सन्दर्भ सामाग्री


काशीराज दाहाल, प्रशासकीय अदालत बूलेटिन, बर्ष १, अंक २, २०६४ भूमिकामा ।

भक्तपुर जिल्ला वालकोट गा.वि.स. वडा नं. ६ बस्ने चक्रलाल श्रेष्ठ विरूद्ध पुनरावेदन अदालत पाटन, ललितपुर, समेत, निर्णय नं.७८४१ ने.का.प.२०६४ अङ्क ४ ।

का.जि.का.म.न.पा. वडा नं. ७ महाँकाल वस्ने बोधबहादुर राउत क्षेत्री विरुद्ध नेपाल बार एशोसिएशन केन्द्रीय कार्यालय, रामशाहपथका अध्यक्ष शम्भु थापा समेत, निर्णय नं. ८४३४ ने.का.प. २०६७ अङ्क ८ ।

धनबहादुर थापा, न्याय सम्पादनमा न्यायिक मन, https://www.onlinekhabar.com.

गोविन्द खनाल, न्यायपालिकाको मर्यादा, https://gorkhapatraonline.com/news/23083.

नरायण पौडेल, कानून व्यावशाय किन अझै सम्मानित र मर्यादित बन्न सकेन?, https://www.hamrakura.com/news-details/113995/2021-12-22

मेघराज पोखरेल, श्री संघीय संसद, संसदीय सुनुलाई समिति समक्ष पेश गरेको कार्ययोजना, २०८२, पृ. ४ ।

नेपाल बार एसोशिएशनका सचिव अधिवक्ता हरिहर दाहाल विरुद्ध मन बहादुर गुरुङ समेत्, निर्णय नं.- ४६८४ ने.का.प. २०५० (क) अङ्क १ ।

P. D. Gupta v. Ram Murti and Others, AIR 1997 SC 283.


[१३] Supra note 6, p. 9.